कर्णाली प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र-संख्याः २०८२/८३ च.सं.: 2250 मितिः २०८२/१०/१२

श्री स्थानीय तह (सबै),
कर्णाली प्रदेश ।

विषयः <u>भत्ता वितरण प्रयोजनका लागि प्रतिवेदन तथा विवरण पठाउने।</u>

प्रस्तुत विषयमा सशस्त्र संघर्ष, जनआन्दोलन र प्रदेश स्थापनाको लागि भएको आन्दोलनका सहिद वा वेपत्ता परिवारका हकवालालाई सहिद स्मृति भत्ता र घाईते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह विशेष भत्ता वितरण गर्नको लागि रकम अख्तियारी दिनुपर्ने भएकोले "सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०८१" को अनुसूची-१ र "घाईते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०८१" को अनुसूची-१ बमोजिम चालु आ.व. २०८२/०८३ मा भत्ता प्राप्त गर्ने लाभग्राहीको आवेदन संकलन पश्चात आवेदन एकीन गरेर अनुसूची-२ बमोजिमको ढाँचामा लाभग्राहीको विवरण र २०८२ पौष मसान्तसम्म वितरण गरिएको सहिद स्मृति भत्ता र जीवन निर्वाह भत्ताको प्रतिवेदन यस कार्यालयको इमेल moial.shanti@gmail.com मा २०८२ माघ मसान्त भित्र पठाउनुहुन आदेशानुसार छ ।

नोट

- आ.व. २०८२/०८३ मा श्रावण देखि पौष मसान्तसम्म वितरण गरिएको भत्ताको प्रतिवेदन र यस आ.व. को माघ देखि असारसम्म भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण प्राप्त नभएमा उक्त भत्ताको रकम अख्तियारी पठाउन कार्यालय बाध्य हुने छैन ।
- सहिद स्मृति भत्ता र जीवन निर्वाह विशेष भत्ताको कार्यजिम्मेवारी तोकिएको शाखा/कर्मचारीको नाम र सम्पर्क नम्बर सहित पठाउनुहुन अनुरोध छ ।

.................
(लक्ष्मी कंडेल)
शाखा अधिकृत